# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १४ कार्यपालिकाबाट पारित मितिः २०८०।०४।२२

प्रमाणिकरणः२०८०।०४।२४

प्रकाशन मितिः २०८०।०४।२५


## भाग-२

## ठाकुरबाबा नगरपालिका

# आधारभूत नगर अस्पताल सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन २०८०)

- **<u>दफा १ संशोधन</u>** यस कार्यविधिको नाम **"आधारभूत नगर अस्पताल सञ्चालन सम्बन्धी कार्यविधि, २०७९"** रहनेछ।
- **<u>दफा २ (ग) संशोधनः</u>** २ (ग) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित आधारभूत नगर अस्पताललाई सम्झनु पर्छ।
- **<u>दफा ७ संशोधनः</u> दफा ७:जनशक्ति, अस्पताल व्यवस्थापक र सेवा सुविधा सम्बन्धी व्यवस्थाः**

(१) **जनशक्ति सम्बन्धी व्यवस्थाः** (क) अस्पतालले देहायमा उल्लिखित जनशक्तिभन्दा बढी नहुने गरी जनशक्तिको व्यवस्था गर्नु पर्नेछ।

<u>तपसिलः</u>

| क्र. सं. | पद | तह | सेवा | समूह | दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ब.क.।क. मेडिकल जनरलिष्ट | नवौं/दशौं | स्वास्थ्य | मे. ज. | १ | |
| २ | मेडिकल अधिकृत | आठौं | स्वास्थ्य | ज. हे. स. | २ | |
| ३ | ल्याव टेक्नोलोजिष्ट | सातौं/आठौं | स्वास्थ्य | मे. ल्या. टे. | १ | |

आधारभूत नगर अस्पताल सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन २०८०)

| क्र. सं. | पद | तह | सेवा | समूह | दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| ४ | स्टाफ नर्स | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | ज. न. | ६ | |
| ५ | हेल्थ असिष्टेण्ट | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | हे. ई. | ४ | |
| ६ | कविराज (आयुर्वेद सहायक) | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | आयुर्वेद | १ | |
| ७ | ल्याव टेक्निसियन | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | मे.ल्या.टे. | १ | |
| ८ | रेडियोग्राफर | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | रेडियोग्राफी | १ | |
| ९ | फार्मेसी सहायक | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | फार्मेसी | १ | |
| १० | डेण्टल हाईजिनिष्ट | चौथो/पाँचौं/छैठौं | स्वास्थ्य | डेण्टिष्ट्री | १ | |
| ११ | एनेस्थेटिक सहायक | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | विविध | १ | |
| १२ | अप्थाल्मिक सहायक | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | विविध | १ | |
| १३ | फिजियो थेरापिष्ट | पाँचौं/छैठौं/सातौं | स्वास्थ्य | विविध | २ | |
| १४ | प्रशासन सहायक | पाँचौं | प्रशासन | सा.प्र. | १ | |
| १५ | कार्यालय सहयोगी | श्रेणिविहिन | प्रशासन | विविध | ४ | **सेवा करार** |
| १६ | सफाईकर्मी | श्रेणिविहिन | प्रशासन | विविध | ३ | **सेवा करार** |
| | | **जम्मा** | | | **२४ जना** | **दरबन्दी** |
| | | | | | **७ जना** | **सेवा करार** |

(ख) ठाकुरबाबा नगरपालिका कार्यालय र साविक नेउलापुर स्वास्थ्य चौकीमा कार्यरत स्थायी, करार तथा दैनिक ज्यालादारीमा कार्यरत प्राविधिक, प्रशासनिक, चिकित्सकीय, जनस्वास्थ्य तथा श्रेणीविहिन कर्मचारीहरुलाई आधारभूत नगर अस्पताल विकास समितिले आवश्यकता अनुसार समायोजन गर्न तथा करार सम्झौता गरी कामकाजमा लगाउन सक्नेछ।

(२) **आधारभूत नगर अस्पतालको व्यवस्थापक सम्बन्धी व्यवस्थाः** (क) आधारभूत नगर अस्पताललाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि आवश्यक व्यवस्थापकीय कार्यको समन्वय गर्न नगर प्रमुखले अस्पताल व्यवस्थापन समितिका सदस्यहरूमध्येबाट एक जना सदस्यलाई अस्पताल व्यवस्थापक मनोनित गर्न सक्नेछन् ।

(ख) अस्पताल व्यवस्थापकले देहाय बमोजिमको कार्यहरू गर्नेछः-

- अस्पतालमा कार्यरत जनशक्तिलाई तोकिएको कामकाज गर्न लगाउने,
- अस्पतालको सम्पूर्ण चल/अचल सम्पत्तीको रेखदेख गर्ने तथा गर्न लगाउने,
- अस्पतालको सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउन सहजीकरण गर्ने,
- आवश्यक तथ्याङ्क, प्रतिवेदनहरू र विवरणहरू तयार गर्न तथा अद्यावधिक गर्न लगाउने,
- व्यवस्थापन समितिको बैठकमा अस्पतालको सञ्चालन तथा सेवासम्बन्धी विषयमा जानकारी दिने
- व्यवस्थापन समितिले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

(३) **सेवा सुविधा सम्बन्धी व्यवस्थाः** (क) अस्पतालमा कार्यरत जनशक्तिलाई कार्यालय समय बाहेक अन्य समयमा गरेको कामका लागि आवश्यक प्रोत्साहन रकमको व्यवस्था गर्न सकिनेछ । तर यसरी प्रोत्साहन रकम उपलब्ध गराउँदा तलब स्केलको पचास प्रतिशत भन्दा बढी रकम उपलब्ध गराइने छैन ।

(ख) अस्पतालमा कार्यरत जनशक्तिलाई अस्पतालले उपलब्ध गराउने सेवा तथा सुविधा प्रदान गरे बापत प्राप्त हुने आम्दानी, सेवाग्राहीहरूको सङ्ख्या, कर्मचारीको कार्यबोझ आदिलाई आधार बनाई अस्पताल व्यवस्थापन समितिले निर्णय गरी थप सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन।

(ग) उपदफा २ (क) बमोजिम मनोनित अस्पताल व्यवस्थापक बेतलबी पद हुनेछ। तर निजलाई अस्पताल व्यवस्थापन समितिको निर्णय बमोजिम सुविधा दिन बाधा पर्ने छैन ।

- **<u>दफा ८ संशोधनः</u> दफा ८ः खरिद व्यवस्थापन र अस्पताल फार्मेसी सम्बन्धी व्यवस्थाः**

(१) अस्पतालले अस्पतालमा आवश्यक पर्ने औषधी, औजार तथा उपकरणहरू व्यवस्थापन गर्नुपर्नेछ।

(२) अस्पतालमा औषधी, औजार तथा उपकरणहरू र सोको खरिद सम्बन्धी कार्यलाई व्यवस्थापन गर्न अस्पताल व्यवस्थापक संयोजक, अस्पतालको प्रमुख सदस्य र फार्मासिष्ट सदस्य सचिव हुने गरी एक खरिद व्यवस्थापन समिति हुनेछ ।

(३) कुनै समयमा औषधी, औजार तथा उपकरणहरू तत्काल खरिद गर्नुपर्ने अवस्था उत्पन्न भएमा अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार बढीमा एक लाख रूपैयाँसम्मको औषधी, औजार तथा उपकरणहरू सोझै खरिद गर्न पनि सकिनेछ ।

(४) अस्पतालले आफ्नै फार्मेसी समेत सञ्चालन गर्नु पर्नेछ र यसरी सञ्चालन हुने फार्मेसीबाट अस्पताल व्यवस्थापन समितिले तोके बमोजिमको सहुलियत दरमा सेवाग्राहीलाई औषधीहरू, सर्जिकल सामग्रीहरू र रोग निदान तथा उपचारसँग सम्बन्धित अन्य सामग्रीहरू बिक्री गर्नु पर्नेछ।

(५) निःशुल्कतर्फका औषधीहरू र अन्य सामग्रीहरू उपदफा (४) बमोजिमको फार्मेसीबाट निःशुल्क रूपमा वितरण गर्नु पर्नेछ ।

(६) फार्मेसी सञ्चालनका गर्नका लागि नगरपालिकाले बीउ पूँजी र अन्य कुनै आपत्कालीन समयमा आवश्यक रकम व्यवस्थापन गर्न सक्नेछ।

(७) फार्मेसीबाट आर्जित मुनाफा लगायतको रकम दफा (९) बमोजिमको कोषमा जम्मा गर्नुपर्नेछ।

- **<u>दफा ९ संशोधनः</u> दफा-९ः कोष सम्बन्धी व्यवस्थाः** (१) अस्पतालको एक मूल कोष रहनेछ।

(२) कोषको सञ्चालन अस्पताल प्रमुख र नगरपालिकाको लेखापालको संयुक्त दस्तखतबाट हुनेछ।

(३) कोषमा देहाय बमोजिमका रकमहरू जम्मा हुनेछन्:-

(क) अस्पताल सञ्चालनको लागि सङ्घीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम,

(ख) अस्पताल सञ्चालनको क्रममा विभिन्न सेवा शुल्क र दस्तुर बापत प्राप्त रकम,

(ग) अस्पताल फार्मेसी सञ्चालनबाट प्राप्त रकम,

(घ) अन्य जुनसुकै स्रोतबाट कानून बमोजिम प्राप्त हुने रकमहरू।

(४) अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार मूल कोष मातहतमा रहने गरी आवश्यक खाताहरू सञ्चालन गर्न सकिनेछ ।

(५) उपदफा (१) बमोजिमको कोष नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त कुनै सरकारी स्वामित्वको "क" वर्गको बैङ्कमा खोल्नु पर्नेछ ।

(६) कोषको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(७) अस्पताल सञ्चालन गर्नका लागि आवश्यक पर्ने प्रशासनिक, व्यवस्थापकीय लगायतका अन्य खर्चहरु अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार उक्त कोषबाट गर्न सकिनेछ।

- **<u>दफा १० को उपदफा १ मा संशोधनः</u> दफा-१०ः अस्पताल व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः** (१) अस्पताल व्यवस्थापनको लागि देहाय बमोजिमको अस्पताल व्यवस्थापन समिति गठन हुनेछः-

(क) प्रमुख — अध्यक्ष

(ख) उपप्रमुख — उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता तह उत्तीर्ण भई सेवाबाट निवृत्त भएको वा स्वास्थ्य क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरी ख्याति प्राप्त, उच्च नैतिक चरित्र भएको बुद्धिजीविहरूमध्येबाट प्रमुखले तोकेको नगरपालिकाको स्थायी बासिन्दा दुई जना — सदस्य

(ङ) प्रमुखले तोकेको एक जना महिला कार्यपालिका सदस्य — सदस्य

(च) अस्पताल रहेको वडाको वडा अध्यक्ष — सदस्य

(छ) सामाजिक विकास समितिको संयोजक — सदस्य

(ज) महिला स्वास्थ्य स्वयंसेविकामध्येबाट अध्यक्षले मनोनित गरेको एक जना — सदस्य

(झ) स्वास्थ्य शाखा प्रमुख — सदस्य

(ञ) अस्पतालको प्रमुख — सदस्य सचिव

- **दफा १० को उपदफा २ मा थपः च.** अस्पतालको सञ्चालन, व्यवस्थापन र विकासका सम्बन्धमा आवश्यक अन्य कार्य गर्ने।
- **दफा १० को उपदफा ४ मा संशोधनः दफा-४:** अस्पताल व्यवस्थापन समितिको पदावधि पाँच वर्षको हुनेछ। तर उपदफा (१) को (क), (ख), (ङ), (च) र (छ) मा उल्लेखित सदस्यको पदावधि निज निर्वाचित भएको पदको पदावधि समाप्त भए पश्चात् स्वतः समाप्त हुनेछ।
- **दफा १० को उपदफा ५ हटाएर तपसिल बमोजिमको उपदफा ५, ६, ७, ८, ९ र १० थप गर्नुपर्नेः**

**उपदफा-५:** उपदफा (१) बमोजिमको अस्पताल व्यवस्थापन समितिका सदस्यहरुको पद देहायको अवस्थामा रिक्त हुनेछः-

(क) मृत्यु भएमा,

(ख) लिखित राजीनामा दिएमा,

(ग) नैतिक पतन हुने गरी फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरेमा,

(घ) प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा,

(ङ) नगर अस्पतालको हित विपरीत हुने कुनै कार्य गरेमा,

(च) कार्य सम्पादन लगायत विविध कारणले अध्यक्षले पदमुक्त गरेमा,

(छ) बिना सूचना लगातार समितिको तीन वटा बैठकमा अनुपस्थित भएमा,

(ज) पदावधि समाप्त भएमा।

**उपदफा-६:** उपदफा ५ बमोजिम पदमुक्त हुने सदस्यलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन।

**उपदफा-७:** समितिको बैठक बस्दा कम्तिमा तीन दिन अगावै बैठक सम्बन्धी कार्यसूची अध्यक्षको निर्देशन बमोजिम सदस्य सचिवले समितिका सबै सदस्हरूलाई उपलब्ध गराउनु पर्नेछ। तर कुनै महत्वपूर्ण विषयमा छलफल गर्नुपर्ने भएमा यो समयसीमाले बाधा गर्ने छैन।

**उपदफा-८:** बैठकमा कम्तिमा एकाउन्न प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ। यसरी बैठक बस्दा बहुमत सदस्यले गरेको निर्णय मान्य हुनेछ ।

**उपदफा-९:** बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ।

आधारभूत नगर अस्पताल सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन २०८०)

**उपदफा-१०:** बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले तोके बमोजिम हुनेछ।

- **<u>दफा १४ संशोधनः</u> दफा-१४ बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आइपरेमा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

**<u>आज्ञाले</u>**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

आधारभूत नगर अस्पताल सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन २०८०)